# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २९९ | बुटवल | २०८२ कात्तिक २३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday November 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


# सडक सुविधाले कालीगण्डकीमा स्टिमर बन्द हुँदै, व्यवसायी विस्थापित



**प्रकाश डोटेल**

*स्याङ्जा*

बर्खाको समयमा पानीको बहाव बढेसँगै जेठ महिनाबाट बन्द भएको स्याङ्जाको मिर्मीस्थित आँधीमुहानदेखि सेतीबेनीसम्मको स्टिमर (जलयातायात) सेवा पुनः सुचारु भएको छ ।

पानीको घट्दो बहाव र हिउँदमा कम पानी पर्ने भएपछि बन्द रहेको स्टिमर सेवा कात्तिक महिना लागेसँगै पुनः सुचारु भएको हो ।

नेपालको सबैभन्दा ठूलो जलविद्युत् कालीगण्डकी 'ए' परियोजनामा बाँध निर्माण गरेपछि बनेको जलाशयमा २३ वर्षदेखि जलयातायात सेवा वर्षात्को ३/४ महिना बाहेकको समयमा सञ्चालन हुँदै आएको छ । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मीस्थित आँधीमुहानदेखि स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीबेनीसम्म साढे ७ किलोमिटरको दूरीमा स्टिमर सेवा सञ्चालनमा छ ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाको २०६२ सालमा स्वीकृत र आर्थिक वर्ष २०७०/०७१ मा कम्पनी रजिष्ट्रारमा दर्ता भएर सेवा सञ्चालनमा आएको हो । सुरुवातका चरणमा साना र ठूला गरी १२ वटा स्टिमर रहेपनि पछिल्लो समय तीन वटा मात्रै स्टिमरबाट सेवा दिँदै आएको शिला शालीग्राम कालीगण्डकी जलयातायात प्रालिका अध्यक्ष डोलराज भट्टराईले बताए । स्याङ्जा पर्वत, गुल्मी र बाग्लुङ्गका साविक ३६ गाविसको आवगमन गर्ने गतिलो माध्यम स्टिमर सेवा बनेको भट्टराईले बताए ।

स्याङ्जाको सिमाना पर्वततर्फ कालीगण्डकी करिडोर र गुल्मीतर्फ कालीगण्डकी लोकमार्ग खुलेपछि स्टिमर सेवा मेला विशेषमा आन्तरिक पर्यटकहरु र शिला शालीग्राम दर्शन गर्नमा मात्र सीमित बन्दै गएको छ । शिला अवलोकन गर्न यदाकदा आउनेहरुले रिजर्भ गरेर सेतीबेनी पुग्ने गरे पनि यात्रुहरुको अभावमा स्टिमर नियमति चल्न सकेको छैन । धेरै स्टिमर व्यवसायी विस्थापित भइसकेका छन् ।

विगतमा सेतीबेनी बजारका व्यापार गर्ने, पर्वत गुल्मी र बाग्लुङ्गका व्यापारीहरुले स्टिमरबाट खाद्यान्न ढुवानी गर्दै आएका थिए । कालीगण्डकी लोकमार्ग र करिडोरले पर्वत र गुल्मी खण्डमा सुविधा सम्पन्न सडक विस्तार भएसँगै स्याङ्जातर्फ मोटरबाटोको सहज पहुँच पुगेपछि स्टिमर सेवा प्रभावित बनेको स्टिमर व्यवसायी टिकाराम कुँवरले बताए ।

दैनिक पाँच सयदेखि एक हजार यात्रुहरुले स्टिमरमार्फत् जलयात्रा गर्दै आएका थिए । पछिल्लो समय जलयातायात सेवाले यात्रु पाउन छाडेपछि स्टिमर व्यवसायी मर्कामा परेका हुन् । स्टिमर नचलेपछि अधिकांश स्टिमर बिग्रएर थन्किएका छन् ।

केही स्टिमरलाई बर्खाको भेलले बगायो भने थोरै बचेका स्टिमर टुट्ने, फुट्ने र गल्ने भएर काम नलाग्ने अवस्थामा पुगेका छन् । स्टिमर सेवालाई निरन्तर दिन ठूलो खर्च लाग्ने र यात्रु अभावले लगानी नउठ्ने डर भएपछि व्यवसायी विस्थापित बन्न बाध्य भएका छन् ।

स्थानीय सरकारले निर्धारण गरे अनुरुप प्रतिव्यक्ति एकतर्फी टिकट काटेर जाँदा २ सय रुपैयाँ तिर्नुपर्छ । रिजर्भ गरेमा स्टिमरको क्षमताअनुसार दुई हजारदेखि माथिको मूल्य तोकिएको छ ।

कालीगण्डकी नदीमा मिर्मीको आँधीमुहानदेखि सेतीबेनीसम्मको साढे ७ किलोमिटर दुरी जलयात्रा ३० मिनेटदेखि ४५ मिनेटसम्मको समय लाग्ने स्थानीयले बताए ।

यात्रुहरुले स्टिमर चढ्न छाडेर बस, जीप, मोटरसाइकल, अटोलगायतका सवारी साधन प्रयोग गर्न थालेपछि स्टिमर व्यवसायी थप समस्यामा पर्दै गएका छन् । सडक सञ्जाल विस्तार र सहज पहुँचले आँधीमुहान र सेतीबेनीका बजार सुनसान बन्दै जाँदा र सवारी साधनमा भाडा सस्तो भएपछि स्टिमर चढ्ने यात्रु घट्दै गएका छन् ।

## फरार कैदी र हतियार फिर्ता ल्याउन विशेष अपरेसन चलाउँछौं : गृहमन्त्री

बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले फरार कैदीबन्दी र लुटिएका हतियार फिर्ता ल्याउन सरकारले विशेष अपरेशन सञ्चालन गर्ने बताएका छन् ।

शनिबार काठमाडौंमा महासंघद्वारा आयोजित राष्ट्रिय वृहत् आर्थिक बहस २.० लाई सम्बोधन गर्दै मन्त्री अर्यालले यसमा नागरिकस्तरको तहबाट पनि सहयोग आवश्यक रहेको बताए ।

उनले सुशासन दिन सकेन भने द्वन्द्व दोहोरिन सक्ने जोखिम औंल्याए । 'सुशासन दिन सकेन भने द्वन्द्व दोहोरिन पनि सक्छ भन्ने एउटा ठूलो म्यासेज अहिले दिएको छ । त्यो अवस्था सत्ता परिवर्तनको मात्रै होइन सुरक्षा संकट नै निम्तिन सक्छ ।'- उनले भने ।

अहिलेसम्म जेनजी आन्दोलनका क्रममा लुटिएका ७१० वटा हतियार फिर्ता भइसकेको र केही हतियार डढेको पनि जानकारी दिए । मन्त्री अर्यालका अनुसार, केही अझै फिर्ता हुन बाँकी छ । आन्दोलनका क्रममा १४ हजार ५४९ जना फरार रहेकोमा ९ हजार ५२१ जना फिर्ता आइसकेको र अझै पाँच हजार १०५ जना बाहिर रहेको छन् । गृहमन्त्री अर्यालकाअनुसार अझै ३५ प्रतिशत कैदीबन्दी फरार छन् । 'कैदीबन्दीहरु अहिलेसम्म १४ हजार ५४९ जना फरार भएकोमा ९ हजार ५२१ जना (६५ प्रतिशत) फिर्ता भइसकेका छन् । केही संख्या अझै पनि बाहिर छ । पाँच हजार १०५ जना अहिले पनि बाहिर छन् ।'- उनले भने ।

गृहमन्त्री अर्यालले थपे-'हतियार र कैदीहरूलाई फिर्ता गर्नको लागि पटक-पटक सूचना निकालेर आइदिनुस्, हतियार फिर्ता दिनुस् पनि भनेका छौं । अझै बाहिर हुनुहुन्छ । त्यसलाई विशेष अपरेशन चलाउँछौं । यसमा नागरिकस्तरको तहबाट पनि सहयोग चाहिन्छ ।'

उनले कानुनी राज्यको जगेर्ना गर्नु आफ्नो दायित्व भएको बताए । सरकार र निजी क्षेत्र एक अर्काको परिपूरक भएको बताउँदै निजी क्षेत्रको दायित्व अर्थतन्त्रको जगेर्ना गर्नु भएको बताए । सरकार थप रचनात्मक भएर अघि बढ्ने प्रतिबद्धता उनले जनाए ।

## नेपाल ट्रष्टको जग्गा ठगीमा एक पक्राउ

बुटवल । नेपाल ट्रष्टको नाममा दर्ता रहेको दरबारमार्गस्थित जग्गा ठगी तथा आपराधिक विश्वासघातको आरोपमा पूर्व सह-सचिव लेखबहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार कार्कीले नेपाल ट्रष्टको कार्यालय र थामशेर्क ट्रेकिङ प्रालिबिच भएको लिज सम्झौतामा बदनियतपूर्वक कानुनी प्रक्रिया उल्लंघन गरी ट्रष्टलाई दीर्घकालीन हानीनोक्सानी हुने गरी सम्झौता गरेको ठहर गरिएको छ ।

एसएसपी शिवकुमार श्रेष्ठका अनुसार, सम्झौतामा सूचनामा उल्लेख भएको कित्ता नं. ४६०६ बाहेक अर्को कित्ता नं. ४६०५ समेत थप गरी बिना सञ्चालक समितिको निर्णय मोडेलमा तीन वर्षको निर्माण अवधि र ३० वर्षको लिज सम्झौता गरिएको पाइएको छ । नेपाल ट्रष्टको नाममा रहेको जग्गा लिजमा दिने/लिने सम्झौतामा कानुनी आधारबिना गैरकानुनी रूपमा लाभ लिएको भन्ने ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

## रास्वपा महाधिवेशन चुनावपछि

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले निर्वाचन भएको ६ महिनापछि मात्रै पहिलो महाधिवेशन गर्ने भएको छ ।

शुक्रबार र शनिबार बसेको पार्टीको विस्तारित बैठकले प्रतिनिधिसभा निर्वाचन भएको ६ महिनापछि मात्रै महाधिवेशन गर्ने निर्णय लिएको हो । बैठकमा सहभागी एक केन्द्रीय सदस्यका अनुसार यसअघि फागुन ७, ८ र ९ गते तोकिएको महाधिवेशन अब चुनावपछि मात्रै गर्नेगरी निर्णय भएको हो ।

सुरुमा गत बैशाखमा हुनेगरी तोकिएको महाधिवेशनपछि फागुनमा गर्ने निर्णय भएको थियो । महाधिवेशन चितवनमा गर्ने भनिएको थियो । त्यस्तै, बैठकमा सभापति रवि लामिछानेको विकल्पमा अहिले नयाँ नेतृत्व अघि नसार्ने निष्कर्ष पनि निकालेको ती केन्द्रीय सदस्यले बताए । 'आगामी महाधिवेशनसम्मै रवि लामिछानेकै नेतृत्वमा अघि बढ्ने निष्कर्ष निकालिएको छ ।'- ती केन्द्रीय सदस्यले जानकारी दिए ।

## नाफा कमाउनुलाई अपराधको रूपमा चित्रण गर्नु गलत : ढकाल

बुटवल । नेपाल उद्योग वाणिज्य महासंघले हालका आन्दोलन र तोडफोडका घटनाबाट निजी क्षेत्र गम्भीर रूपमा प्रभावित भएको भन्दै प्रधानमन्त्री सुशीला कार्कीलाई उद्योगी-व्यवसायीका समस्या सम्बोधन गर्न आग्रह गरेको छ ।

महासंघले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री कार्कीसहित उच्च सरकारी अधिकारीहरूलाई बोलाइएको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र ढकालले भने-'यसपटकको आन्दोलनमा निजी क्षेत्र बढी आहात भएको छ । जसो तसो जोहो गरेर, ऋण गरेर उद्यमीले लगानी गरेको हुन्छ । राजस्व क्षेत्रमा योगदान पुऱ्याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ । तर पनि उद्योगी व्यवसायीका शयनकक्षसम्म लुटपाट भएको छ, व्यापार व्यवसायमा आगो लागेको छ ।'

ढकालले यस्तो अवस्थाले सबैलाई आत्मपरीक्षण गर्न बाध्य पारेको बताए । 'यो घटनाले सबैले आफैँले आफैँलाई फर्केर हेर्न बाध्य पारेको छ । हामी पनि फर्केर हेर्दै छौं, हामी कहाँ चुक्यौं अनि समाज कहाँ चुक्यो ।'- उनले भने ।

नाफा कमाउने कार्यलाई अपराधको रूपमा चित्रण गर्नु गलत भएको बताउँदै ढकालले के त्यो अपराध हो भनेर प्रश्न समेत गरे । 'नाफा आर्जन गर्नु नै अपराधको रूपमा चित्रित हुँदै आएको छ,' उनको प्रश्न छ-'तर व्यवसायीको उद्देश्य सेवा दिएर नाफा कमाउनु हो । के रोजगारी सिर्जना गर्नु, राजस्व बुझाउनु र राज्यका लागि महत्वपूर्ण काम होइन र ?'


» *बाँकी ३ पेजमा*


## घुसखोरी, पार्टीगत लेवी र कमिसन अब सह्य हुन्न : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल अब सह्य नहुने चेतावनी दिएकी छन् । राष्ट्रिय आर्थिक बहस २.० मा निजी क्षेत्रलाई सम्बोधन गर्दै लोकतन्त्रको नाममा लुटतन्त्र स्वीकार्य नहुने उनले बताइन् । इमान्दार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनु नहुने उनको भनाइ छ ।

उनले भनिन्-'जेनजी आन्दोलनको पृष्ठभूमिमा केही उच्छृंखल समूहहरूले राज्यविहीनताको फाइदा उठाउँदै उद्योग व्यापारिक क्षेत्रमा गरेको क्षति हामीलाई अस्वीकार्य छ । उक्त घटनापछि मर्माहत भएको निजी क्षेत्रलाई जेनजी आन्दोलनमा घाइते युवाहरूलाई झैँ तत्काल राहत, सहयोग पुऱ्याउँदै आत्मविश्वासको जगेर्ना गर्न सरकार कुनै कसर बाँकी राख्ने छैन भन्ने म पुनः विश्वास दिलाउन चाहन्छु ।'

गत भदौ २३ र २४ गतेको आन्दोलनले नेपाललाई एक नवीन म्यान्डेट दिएको भन्दै अब मुलुक यथास्थितिमा बस्न नसक्ने बताइन् ।

उनले थपिन्-'अब आम युवा, आम नेपालीले अग्रगामी दिशामा देशलाई लिएर जानु बाहेक हामीसँग विकल्प छैन । यो आन्दोलन आर्थिक-सामाजिक अग्रगमनकै लागि भएको थियो । यी चुनौतीहरू सामना गर्न हामीले स्पष्ट कार्यदिशा लिएका छौं । हामीलाई सम-वृद्धिको अर्थात् सबै क्षेत्रको सामूहिक वृद्धिका लागि सप्रने बाहेक अझै बिग्रने छुट छैन । हामी विगतलाई टेकेर अगाडि बढ्नेछौं, तर विगतमा फर्कन सक्दैनौं ।'

उनले सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको उल्लेख गरिन् ।

उनले भनिन्-'राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट र निजी क्षेत्रमाथि लादिएका शङ्का र दोहनकारी सङ्कष्टपूर्ण प्रणालीप्रति हामी सजग छौं । कानुनको शासन स्थापित गर्न सरकारले कुनै कसर बाँकी राख्दैन । सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागेको छ ।' उद्योगीको मनोबल नउठेसम्म देशको अर्थव्यवस्था उठ्न नसक्ने उनको भनाइ छ ।

'उद्योगी व्यवसायीहरू केवल राज्यलाई कर मात्र तिरेका हुँदैनन्, उनीहरूले ठूलो जनसंख्यालाई रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितता दिएर राज्यको ठुलो दायित्व पनि वहन गरिदिएका हुन्छन् । तसर्थ, उद्योग व्यवसायबिना देश बन्दैन ।'-उनले भनिन् ।

उनले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको तयारीमा सरकार जुटेका बताइन् ।

उनले थपिन्-'निर्वाचनमार्फत् दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढाउने र यहीँ नै गरिखान सकिन्छ भन्ने आशा जगाउँदै त्यसका लागि उपयुक्त वातावरण बनाउन प्रयासरत छौं । निर्वाचन सफल बनाउन र स्वच्छ बनाउन निजी क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका हुन्छ ।'




## सम्पादकीय

# पहाडमा घट्दो जनसंख्याको जोखिम

२०७८ को जनगणनाअनुसार जनसंख्या घट्ने लुम्बिनी प्रदेशका ३१ मध्ये २९ पालिका पहाडका छन् । पहाडका ती पालिकाबाट मानिस बसाइँ सरेर तराई झरे । पहाडमा घट्दो जनसंख्याले जति समस्या छ, त्योभन्दा बढी बढ्दो जनसंख्याको चापले तराईमा समस्या चुलिँदो छ।

खानेपानीलगायत अत्यावश्यक सुविधाको अभाव हुने जोखिम छ। खेतीयोग्य जमिन प्लटिङ हुँदा उत्पादन घट्दै जाने जोखिम बढेको छ। पहाडमा खेतीयोग्य जमिन बाँझिदै जाने र तराईको उर्भर जमिन घडेरीमा सकिदै जाँदा मुलुकमा खाद्य संकटको जोखिम छ। बसाईसराइ बढ्दा जनसंख्याको असमान वितरण बढ्दो छ । यसो हुँदा राज्य स्रोतको प्रयोग र वितरण जटिल बन्दै जानेछ। स्रोतको वितरणअनुसार अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले सरकार र शासन व्यवस्थाप्रति प्रश्न उठ्ने र निराशा बढ्ने जोखिम छ।

पहाडमा अहिले विकास पुगेको छ। गाउँ-गाउँमा सडक पुगेको छ। विद्यालयमा पूर्वाधार राम्रो छ। स्वास्थ्य चौकी भवन मात्रै होइन्, सेवा प्रवाह पनि राम्रो छ। जिल्ला सदरमुकाम अहिले नागरिकताको कामको लागि मात्रै जानुपर्छ। पहिले कृषि, शिक्षालगायत अरु कामका लागि सदरमुकाम जानुपर्ने बाध्यता छैन। अहिले पालिका कार्यालय र वडा कार्यालयबाटै धेरै काम हुन्छ। मुलुक संघीयतामा गएपछि गाउँघरमै सेवाप्रवाह छिटो छरितो हुन्छ। गाउँमा विकास पुगेको छ, तर मान्छे छैनन् । विकासमा भएको असमानताले मानिसहरु बढी विकास भएको ठाउँमा जान खोज्नु स्वाभाविकै हो। अझ गाउँमा मान्छे टिक्न नखोज्नुको कारण आयआर्जन र उद्यमशिलताको विकास भएन्। आम्दानीको बाटो गाउँमै हुन्थ्यो भने मान्छे गाउँमै टिक्थे। अझ अर्घाखाँचीको कुरा गर्ने हो भने २०६४ मै साविकका ४२ गाविसमा सडक पुगेको हो। विकास गाउँ पुग्दा थातथलो छाडेर मान्छे किन हिडिरहेका छन् ? राज्यले यसको कारण खोज्नुपर्छ।

पहाड सम्भावनाको खानी हो । सम्भावनालाई अवसरमा बदलेर नागरिकको जीवनशैलीमा जोडिनुपर्छ । तहगत सरकारले पहाडलाई नागरिकको दैनिकीसँग जोड्न सक्दा धेरै गर्न सकिन्छ। पाल्पाको रिब्दीकोट गाउँपालिकाले अकबरे खुर्सानी खेतीमा प्रोत्साहन गरेपछि यहाँका किसानले राम्रो आम्दानी गर्न थालेका छन्। शहर पसेका र विदेश गएका केही युवा गाउँ फर्केका छन्। रिब्दीकोट मोडल अरु पालिकाका लागि पनि महत्वपूर्ण हुनसक्छ। पालिकाले आफ्नै मोडल तयार गर्न सक्छन्।

अवसरको पहिचान गरी उत्पादन बढाउन लाग्नुपर्छ, त्यसका लागि हरेक पालिकाले आफ्नै मोडल बनाउन सक्छन् । पालिकाले उत्पादनमुखी विकासको मोडल तयार गर्ने र त्यो अभियानमा प्रदेश र संघीय सरकारले सहकार्य गरी प्रविधि र लगानीमा सहयोग गर्नुपर्छ। गाउँ फर्कने अभियान नचलाउने हो भने कतै जनसंख्याको चाप अत्याधिक हुने र कतै रित्तिंदै जाँदा मुलुकमा नयाँ खालको द्वन्द्व बढ्न सक्छ।

# ज्येष्ठ नागरिकको व्यवस्थापन



**तुल्सीराम पाण्डे**



नेपाली समाजमा भित्रिएको स्वतन्त्रता र आधुनिक जीवनशैलीले गर्दा वृद्ध भएका बा.आमा र बुढा बा. बुढी आमाहरुको व्यवस्थापन कठिन बन्दै गइरहेको छ। पहिलेका सबै मानिसहरु संयुक्त परिवारमा बस्थे । बाले कारोबार र आमाले घरबार चलाउनुहुन्थ्यो । परिवारमा मिलेमतो र सरसल्लाह हुन्थ्यो । बुढाबुढी भएको घर इज्जतदार मानिन्थ्यो। पाहुना र आफन्तहरु बुढो घर खोज्दै आउँथे। अंश लगाउँदा बुढाबुढीलाई जीउनी राख्थे। त्यही जीउनी खान पाउने लोभले बाउआमा पाल्न हानथाप गर्थे । धेरै बुढाबुढीहरुले कान्छालाई रोज्थे । अंश पनि कान्छाले नै रोज्न पाउँथे । बुढाबुढीहरुसँगै हुनुका केही राम्रा र केही नराम्रा पक्षहरु पनि छन् । राम्रा पक्षहरुमा घरको काम गरिदिने । सम्पत्ति र लहना पाइने । आशिष पाइने, पेन्सन भएमा खान पाइने । केटाकेटी हुर्काउन सजिलो हुने । कमाउन र व्यापार गर्न जान पाइने। कोसेली र पाहुर खान पाइने। नराम्रा पक्षहरुमा बुढाबुढीहरुले समयअनुसार चाल चलन फेरिएको नरुचाउने। सबैलाई आफूले गरेको दुःखहरु सुनाइ रहने । बुहारीलाई सधैं हेप्ने । छोरानातिलाई पनि यो भएन त्यो भएन भनेर कचकच गरिरहने। चेलीबेटीलाई कोसेली दिनुपर्ने। बिरामी र अपाङ्ग भएमा उपचार र सुसार गरिरहनु पर्ने। बिर्सने रोग लाग्ने र केटाकेटी जस्तो व्यवहार गरे पनि जवाफ फर्काउन नपाइने। छोरालाई ऋण लागेको भए पनि छोरीलाइ लुकाएर कोसेली र पेवा दिने ।

पहिला दाजुभाइ र पञ्चहरु बसेर अंश लाइदिन्थे । जीउनी छुट्याएपछि मात्र भाइ अंश लाग्थ्यो । कान्छाले अंश रोजेर पाउँथे । खेतीपाती बाहेक आम्दानीको अरु श्रोत हुँदैन्थ्यो । बुढ्यौली सम्पत्ति खान पनि धेरै दुःख गर्नु पर्दथ्यो। केही बुढाबुढीहरु भरुवा र तमसुके ब्याजमा बस्दथे। कुनै ठाउँमा एउटा छोरा मनपर्ने र अर्को बुहारी मनपर्ने हुन्थ्यो। सबैले दुःख काटेर नै जीन्दगी चलाउँथे।

अहिले समय फेरिएको हुनाले नयाँ ढङ्गले बुढाबुढीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । बदलिएको समयअनुसार छोराबुहारी र छोरी समेत कमाउन विदेश गएका छन् । देशभित्रै पनि आम्दानीका नयाँ-नयाँ बाटाहरु खुलेका छन्। सरकारले वृद्ध भत्ताको व्यवस्था गरेको छ। केही मानिसको आफ्नो पेन्सन र लहना छन् । केही मानिसको बैङ्क र सहकारीमा पैसा छ । तराईको जग्गा १ कठ्ठा बेचेमा पनि लाखौँ रुपैँया आउँछ। छोराबुहारी र छोरीले डलर युरो र अन्य विदेशी मुद्रा कमाउँछन् । धेरैजसो बुढाबुढीले खर्च गर्न चाहेमा पैसा निस्कन सक्छ। फेरिएको समयअनुसार परिवारको पुनर्व्याख्या हुनुपर्ने र नयाँ व्याख्याअनुसारको व्यवस्थापन गर्न सकेमा सबैलाई सुख हुने देखिन्छ । त्यसको लागि बुढाबुढीको मानसिकतामा परिवर्तन आउनु जरुरी छ।

पहिले बाउआमा नभएमा केटाकेटी रुल्लटुल्ल हुन्छन् भन्दथे। अहिले छोराछोरीहरुसँग बस्न नपाउनाले बुढाबुढीहरु रुल्लटुल्ल भएका छन् । "गोरु बुढो भए भिर खोज्छ, मान्छे बुढो भए निहुँ खोज्छ" भन्ने उखान पनि छ। पुराना मानिसहरु सबैले दुःखले धन आर्जन गरेको हुनाले खर्च गर्न सक्दैनन्। हाम्रो परम्परा पनि छोरा नातिको लागि कमाइदिनु पर्ने खालको छ । पहिले विदेश जाने चलन नभएको हुनाले छोराले बाउआमा पालेर बस्थे । छोरो कमाउन गए पनि बुहारीले घर थाम्थे। पुरानो चलनअनुसार अंश लाएका र बाउआमा पाल्ने जिम्मेवारी पाएका छोराबुहारीले नयाँ चलनअनुसार कमाउन हिंड्दा धेरै रेख पाएका छन् । घरमा बस्नेहरुले बुढाबुढी पाल्ने आफ्नो पनि कर्तव्य भएको ठान्दैनन्। कुनै ठाउँमा करोडौँको घरमा बुढाबुढीले मात्र कुरेका भेटिन्छन्।

नयाँ ढङ्गले व्यवस्थापन गरेमा बुढाबुढीले सुख पाउने धेरै तरिकाहरु भेटिन सक्दछन्। केही तरिकाहरुमा ठूलो घर भएमा सरसफाइ गर्न कामदार राख्ने। आफ्नो विश्वासिलो मानिसलाई तलब दिएर भान्से/सहयोगी राख्ने । धेरै छोराहरु भएमा कमाउनेले पैसा पठाउने र घरमा बस्नेले बाउआमाको सेवा गर्ने। सम्भव भएमा पालैसँग सेवा गर्ने। लागेको खर्च दिएर वृद्ध आश्रममा राख्ने। पहिला आफूले गाली गरिरहने र हेपेकी बुहारीसँग पनि बस्न मञ्जुर हुने। एक्ला बुढाबुढी धेरै भएको गाउँ र टोलमा सामूहिक बास र खानाको व्यवस्था गर्ने। आफ्ना छिमेकीलाई तलब दिएर बुढाबुढीको सुसार गर्ने र आफ्नो काम पनि गर्ने अवस्था श्रृजना गर्ने।

बुढाबुढीलाई आफू जन्मेको र आफूले दुःख गरेको ठाउँ नै रमाइलो लाग्छ । नयाँ ठाउँमा र शहरमा गएमा हावापानी मिल्दैन, चालचलन मिल्दैन, सबै मानिस आफ्नो आफ्नो काममा व्यस्त हुन्छन् । चिनेको र सँगै बसेर कुरा गर्ने कोही मानिस नहुँदा एक्लो र थुनिएको महशुस हुन्छ। खानाको पनि गाउँमा जस्तो स्वाद हुँदैन । कोही मानिस छोरा बुहारी वा छोरी ज्वाईसँग विदेशमा गए पनि त्यहाँ टिक्न नसकेर भिसा नसकिँदै नेपाल फर्कन्छन्।

अहिलेको समयमा धेरै कमाउने छोरा बुहारीले पैसा दिन सक्छन्। घरमा बसेर लुगा धुन भात पकाउन सक्दैनन्। बाउ आमाको सेवा गर्न खोजेमा आफ्नो र सन्तानको भविष्यको बाटो बन्द हुन्छ। एउटाको मात्र कमाइले विदेशको खर्च धान्न सक्दैनन् । पुरानो तरिकाले अंश लाएको ठाउँमा पाल्ने जिम्मा लिएका छोराले फस्लाङ् फुस्लुङ् पारेर चल अचल आफ्नो नाममा पारेपछि नपालेर बिच पारेका समेत छन्। थोरै ठाउँमा मात्र आम्दानीको कुनै श्रोत नभएर दुःख भएको देखिएको छ । सरकारले दिने भत्ताले मात्र सबै परिवारको पालन हुँदैन । त्यस्तो ठाउँमा राज्यको तर्फबाट कुनै व्यवस्था हुनुपर्दछ। सबैको मानसिकता परिवर्तन भएमा र कानुनअनुसार बुढाबुढी बलिया भएमा सबैलाई सन्तोष मिल्नेछ।

# खाद्य प्रविधि शिक्षामा युवा

**डा.नवराज हेका**

नेपाल कृषिप्रधान देश हो, जसको अर्थतन्त्रमा कृषिको ठूलो हिस्सा छ। हाम्रो दैनिक भान्सामा प्रयोग हुने गुन्द्रुकदेखि प्याकेट बन्द स्न्याक्ससम्म, प्रत्येक खानेकुरा कुनै न कुनै रूपमा खाद्य विज्ञान र प्रविधिको स्पर्शबाट गुज्रिएका हुन्छन्। पछिल्ला वर्षमा देशमा खाद्य प्रविधि शिक्षा र अनुसन्धानले फड्को मार्दै गएको छ। नेपालको खाद्य सुरक्षालाई मजबुत बनाउन, आयातमा निर्भरता घटाउन र युवा पुस्तालाई नवप्रवर्तनतर्फ आकर्षित गर्न खाद्य प्रविधि शिक्षा क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सक्छ।

**खाद्य प्रविधि के हो ?**

खाद्य विज्ञान भनेको खानेकुराको भौतिक, जैविक र रासायनिक संरचनाको अध्ययन गर्ने विधा हो, जसले खाना प्रशोधन र संरक्षणका सिद्धान्त उजागर गर्छ । यसले रसायन, जैवप्रविधि, इञ्जिनियरिङ, सूक्ष्मजीव विज्ञान र पोषण जस्ता विविध वैज्ञानिक विषयको एकीकृत प्रयोगमार्फत् खाद्यको सुरक्षा, पौष्टिकता, स्वच्छता र उपलब्धता बढाउने प्रयास गर्छ । यी वैज्ञानिक सिद्धान्तको व्यावहारिक अनुप्रयोग नै खाद्य प्रविधि हो, जसअन्तर्गत खाना छनोट, परीक्षण, प्रशोधन, प्याकेजिङ, वितरण र उपभोगसम्मका चरणमा आधुनिक प्रविधिको उपयोग गरिन्छ।

साधारण भाषामा भन्दा, खाद्य प्रविधिले खेतबारी र गोठबाट उपभोक्तको थालीसम्म आउने यात्रा वैज्ञानिक विधिले सुचारु बनाउने कार्य गर्छ । भोजनलाई लामो समयसम्म सुरक्षित राख्ने परीक्षण प्रविधि होस् या नयाँ स्वाद र पौष्टिकताले भरिपूर्ण उत्पादन विकास गर्ने प्रक्रिया, यी सबै खाद्य प्रविधिको अध्ययन अनुसन्धानको दायराभित्र पर्छन्।

**नेपालमा खाद्य प्रविधि शिक्षा**

नेपालमा खाद्य प्रविधि शिक्षाको आरम्भ करिब पाँच दशकअघिदेखि भइसकेको छ । विसं २०३० तिर त्रिभुवन विश्वविद्यालयअन्तर्गत धरानस्थित इन्स्टिट्च्युट अफ अपलाइड साइन्स एन्ड टेक्नोलोजीमा प्रमाणपत्र तहको खाद्य प्रविधि कार्यक्रमले पहिलो पटक यो विषयको शिक्षा सुरु गरेको थियो । उक्त प्रमाणपत्र कोर्स विसं २०३६ सम्म सञ्चालन भयो र त्यसपछि उसको स्थानलाई स्नातक तहको फुड टेक्नोलोजिले लियो, जसलाई पछि परिमार्जन गरी त्रिभुवन विश्वविद्यालयको विज्ञान तथा प्रविधि संस्थान आइओएसटीअन्तर्गत चारबर्से बिटेक फुड कार्यक्रमका रूपमा विस्तार गरियो। यो क्रमसँगै नेपालमा खाद्य प्रविधि शिक्षाले संस्थागत रूपमा विकसित हुँदै आएको छ। हाल नेपालको शैक्षिक परिदृश्यमा करिब १३ वटा कलेज तथा संस्थाहरूले खाद्य प्रविधि र सम्बन्धित विषयका स्नातक तहका कार्यक्रम सञ्चालन गरिरहेका छन्।

खाद्य प्रविधि पाठ्यक्रमको संरचना प्रायः चारबर्से हुन्छ, जसमा रसायन विज्ञान, जीव विज्ञान, खाद्य इन्जिनियरिङ, सूक्ष्मजीव विज्ञान, पोषण विज्ञान, गुणस्तर नियन्त्रण आदि जस्ता विषयको सैद्धान्तिक तथा प्रयोगात्मक अध्ययन समावेश हुन्छ । विद्यार्थीले खाद्य विश्लेषण, खाद्य प्रशोधन प्रविधिहरू, खाद्य सुरक्षा नियमहरू, उद्यमशीलता र अनुसन्धान प्रविधि आदिमा ज्ञान हासिल गर्छन्। धेरै जसो कार्यक्रमले अन्तिम वर्षमा उद्योगमा इन्टर्नसिप तथा परियोजना कार्यको व्यवस्था गरेका छन्, जसले विद्यार्थीलाई व्यावहारिक सिप र अनुभव प्रदान गर्छ। यसरी शिक्षित भएका खाद्य प्रविधि स्नातक विभिन्न क्षेत्रमा आकर्षक रोजगारीका अवसर पाउन योग्य हुन्छन्।

खाद्य प्रशोधन उद्योग, गुणस्तर परीक्षण प्रयोगशाला, अनुसन्धान प्रतिष्ठान, सरकारी निकाय जस्तै खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागदेखि लिएर गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय सङ्घ संस्थासम्म । हालैको एक प्रतिवेदनअनुसार सरकारले खाद्य अधिकारलाई मौलिक हकका रूपमा स्थापित गर्दै देशका हरेक ७७ वटै जिल्लामा कम्तीमा एक जना खाद्य प्राविधिज्ञ नियुक्त गर्ने प्रस्तावसमेत अगाडि सारेको छ। उपभोक्ताको स्वास्थ्यप्रति सजगता बढ्दै जाँदा सम्बन्धित संस्थाले निरीक्षण तथा जनचेतना कार्यक्रम व्यापक बनाएसँगै खाद्य प्रविधि स्नातकको माग अझ वृद्धि भएको देखिन्छ। यो अवस्थाले युवा वर्गका लागि खाद्य प्रविधिमा करियर बनाउने वातावरण अझै राम्रो बन्दै गएको सङ्केत गर्छ।

**खाद्य प्रविधिको भूमिका**

नेपालको आर्थिक तथा सामाजिक विकासमा खाद्य क्षेत्रको भूमिका महत्वपूर्ण छ तर यो क्षेत्रमा कैयौं चुनौती पनि विद्यमान छन्। कृषि उत्पादन प्रणाली परम्परागत एवं आत्मनिर्भर स्वरूपको भएकाले उत्पादन र आपूर्तिबिच सन्तुलन मिलाउन हम्मे पर्ने गरेको छ। विशेष गरी पहाडी तथा दुर्गम भूभाग खाद्य असुरक्षाको उच्च जोखिममा हुन्छन्, र देशभर नै कृषिमा सीमित सरकारी सहयोग, साना जोत तथा न्यून लगानीका कारण उत्पादन वृद्धिदर सुस्त छ। प्रविधिको ढिलो अपनत्व, सिँचाइ र आधुनिकीकरणको अभाव तथा जलवायु परिवर्तनको असरले गर्दा नेपालमा कृषि उत्पादन र उपज वृद्धि सुस्ताएको र अन्नबालीको उत्पादकत्व अन्य देशको तुलनामा अवस्था कमजोर रहेको देखिन्छ।

नेपालको खाद्य आपूर्ति शृंखलामा नष्ट हुने र खेर जाने खानेकुराको परिमाण पनि धेरै छ। एक अध्ययन अनुसार नेपालमा दैनिक उत्पादन हुने ताजा फलफूल र तरकारीमध्ये ४०५ भन्दा बढी भाग यातायात र ह्यान्डलिङका क्रममा खेर जाने गर्छ । संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम (युएनइपी) ले जनाए अनुसार नेपालमा प्रतिव्यक्ति वार्षिक खाद्य फोहोर करिब ७९ किलोग्राम जति छ, जुन विश्व र दक्षिण एसियाली औसतभन्दा उच्च हो । कृषि उपजको यस्तो ठुलो हानि हुनुमा चिस्यान भण्डारण सुविधाको कमी, माग र आपूर्तिबिच प्रभावकारी सूचना आदानप्रदान नहुनु, आपूर्ति शृंखलामा धेरै चरणका बिचौलिया र प्रशोधन प्रविधिको अभावलगायत कारण जिम्मेवार छन्। यस किसिमको अकार्यक्षमताका कारण किसानले आफ्नो बालीको उचित मूल्य प्राप्त गर्न सकिरहेका छैनन्, किनभने उपभोक्ताबाट तिरेको मूल्यको ठुलो अंश बिचौलियाले जोखिमको बहानामा राख्ने गरेका छन्। खाद्य गुणस्तर र सुरक्षाका दृष्टिले पनि चुनौती छन्- बजारमा अखाद्य पदार्थ मिसावट र

मापदण्डविपरीत उत्पादनका घटना समय-समयमा सार्वजनिक भएका छन्। यस्ता घटनाले प्रभावकारी नियमन र गुणस्तर सुनिश्चित गर्ने दक्ष जनशक्तिको खाँचो अझ महत्वका साथ उजागर गरेका छन्। यी चुनौती सामना गर्न खाद्य प्रविधि र विज्ञानले के कस्ता समाधान दिन सक्छ र यस प्रश्नको उत्तर नै यस क्षेत्रको मूल्य र महत्व दर्शाउने कुरा हुने छ। वैज्ञानिक शोध र प्रविधिको उपयोगबाट हामी धेरै सुधारका कदम उठाउन सक्छौं।

(क) खाद्य प्रशोधन र संरक्षण : छिटै बिग्रने फलफूल, तरकारी, दुध जस्ता उपजलाई प्रशोधन गरी अचार, जाम, सुकेका तरकारी, पाउडर वा अन्य दीर्घकालसम्म हुने (सुरक्षित हुने) उत्पादनमा रूपान्तरण गर्न सकिन्छ।

(ख) खाद्य सुरक्षा र गुणस्तर प्रयोगशाला परीक्षण : गुणस्तर मापदण्ड र आधुनिक गुणस्तर नियन्त्रण प्रणालीमार्फत खाद्य पदार्थमा हुने मिसावट, जीवाणुजन्य सङ्क्रमण वा हानिकारक रसायनको उपस्थितिमाथि निगरानी गर्न सकिन्छ। प्रशिक्षित खाद्य प्रविधिज्ञ र निरीक्षकले उत्पादनदेखि बजारसम्मका चरणमा खाद्यको स्वच्छता र सुरक्षालाई सुनिश्चित गर्न सरकार र उद्योग दुवै क्षेत्रमा काम गर्न जरुरी छ।

(ग) आयात प्रतिस्थापन र मूल्यबर्धन : खाद्य प्रविधिले स्थानीय स्रोतबाट नयाँ उत्पादन विकास गर्ने क्षमता बढाउँछ । नेपालको फराकिलो जैविक विविधता र विशिष्ट परम्परागत खाना छन्, जसमध्ये धेरैलाई व्यावसायिक रूप दिन सकिन्छ। उदाहरणका लागि, कोदाको पिठोबाट निर्मित स्वास्थ्यबर्धक स्न्याक्स, अलैंची वा अदुवाको तेलबाट सुगन्धित पेय पदार्थ, अर्गानिक चिया तथा कफीका नयाँ मिश्रण। यस्ता अनगन्ती सम्भावना छन्, जुन खाद्य प्रविधिमा दक्खल भएका युवाले नयाँ उत्पादनका रूपमा बजारमा ल्याउन सक्छन्। खाद्य प्रविधिको ज्ञान हासिल गरेका युवा आफ्नै खाद्य प्रसंस्करण उद्यम खोली स्थानीय उत्पादनमा मूल्यबर्धन र खाद्य सुरक्षामा योगदान दिन सक्छन्।

(घ) रोजगारी र आर्थिक वृद्धि : खाद्य प्रविधिमा दक्खल हासिल गरेका जनशक्ति अहिले खाद्य प्रसंस्करण उद्योग, कृषि उद्यम, होटल तथा पर्यटन क्षेत्र, गुणस्तर परीक्षण प्रयोगशाला, अनुसन्धान संस्था, सरकारी नियामक निकायलगायत थुप्रै क्षेत्रमा मागमा छन्। एक अध्ययनले जनाए अनुसार उपभोक्तमा सुरक्षित र स्वस्थ खानेकुराको माग बढेसँगै होटल, रेस्टुरेण्ट र खाद्य उद्योगले गुणस्तर सुनिश्चित गर्न दक्ष जनशक्ति राख्न थालेका छन् । यसले घरेलु रोजगारी सिर्जना गर्दै युवालाई आफ्नै देशमै अवसर पाउने वातावरण प्रदान गरेको छ।

**युवापुस्ताको भूमिका**

नेपाल जस्तो विकासोन्मुख देशमा दिगो विकास हासिल गर्न कृषिलगायत सबै क्षेत्रको रूपान्तरण आवश्यक छ । खाद्य क्षेत्र तिनैमध्ये एक प्रमुख क्षेत्र हो, जसले दिगो विकासका सामाजिक, आर्थिक र पर्यावरणीय तिनै आयामलाई समेट्छ। खाद्य सुरक्षाको प्रत्याभूति दिगो विकासदेखि स्वस्थ जीवन र पोषण, मर्यादित रोजगारी, आर्थिक वृद्धि र जिम्मेवार उपभोग तथा उत्पादनसम्म धेरै लक्ष्य खाद्य प्रणालीसँग गाँसिएका छन् । यी लक्ष्य प्राप्तिका लागि युवापुस्ताको नवीन सोच, ऊर्जा र सीपलाई परिचालन गर्नु अत्यावश्यक छ।

आजका नेपाली युवा विज्ञान र प्रविधिमा दक्खल राख्ने, नयाँ कुरा छिटो आत्मसात् गर्ने र उद्यमशील सोच भएका छन्। सरकारले र अन्तर्राष्ट्रिय निकायले समेत कृषि तथा खाद्य प्रणालीमा रूपान्तरण ल्याउन युवाको सक्रियता र नेतृत्वलाई अपरिहार्य ठहर गर्न थालेका छन्। युवाले खाद्य प्रविधि क्षेत्रमार्फत् दिगो विकासमा बहुआयामिक योगदान दिन सक्छन्।

नवप्रवर्तनमार्फत् - परम्परागत खेती र उद्योग चलाउने तौरतरिकामा नयाँ प्रविधि र विचार भित्र्याउन युवा सक्षम छन् । उनीहरू डिजिटल प्रविधि, सूचना प्रणाली र आधुनिक संयन्त्रको प्रयोग गरी कृषि-खाद्य शृंखला अधिक प्रभावकारी र पारदर्शी बनाउन सक्छन्। विशेषज्ञले ध्यानाकर्षण गराएका छन् कि नेपालमा कृषि र शिक्षाबिच सम्बन्ध जोड्दै व्यावहारिक तालिम, प्राविधिक शिक्षा र उद्यमशीलताको प्रशिक्षण दिनु आवश्यक छ, जसले गर्दा युवा पुस्ता परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण गर्न सक्षम होऊन्। नेतृत्व र जागरुकतामार्फत् - युवा शक्ति परिवर्तनको वाहक हो। आजका विद्यार्थी र युवा वैज्ञानिकले खाद्य सुरक्षाका महत्व, पोषणका आवश्यकता र वातावरणीय संरक्षण जस्ता विषयमा समुदायस्तरमा अभियान र जागरूकता फैलाउन सक्छन्। विद्यालय र कलेजहरूबाट नै खाद्य विज्ञान र पोषणका कुराहरू सिकाइयो र प्रयोगात्मक रूपमा देखाइयो भने भविष्यका लागि स्वास्थ्यप्रद भोजन (बानी) र उत्पादनप्रति सम्मान जगाउन सकिन्छ। सङ्घर्ष र नीति (नियममा सहभागिता) नीति निर्माणमा युवापुस्ताको आवाज पर्नु जरुरी छ। नेपालको सन्दर्भमा खाद्य सुरक्षासम्बन्धी ऐन, खाद्य गुणस्तर मापदण्ड र कृषि-उद्योग प्रवर्धन नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि सचेत युवा पुस्ताले निगरानी र वकालत गर्न सक्छन्।

खाद्य प्रविधि र विज्ञानमैत्री युवापुस्ताकै प्रयासबाट नेपालको खाद्य प्रणाली दिगो र समृद्ध बन्ने छ । खाद्य प्रविधि शिक्षाले युवा पुस्तालाई आधुनिक सीप, ज्ञान र आत्मविश्वासबाट कृषि र उद्योगबिचको खाडल कम गर्न सहयोग गरेको छ। अब आवश्यक छ त केवल यी युवालाई उचित अवसर, प्रोत्साहन र पूर्वाधार उपलब्ध गराउने। सरकारले प्राविधिक शिक्षा र अनुसन्धानमा लगानी बढाउँदै युवा अनुसन्धानकर्तालाई प्रोत्साहन दिनु जरुरी छ । निजी क्षेत्रले समेत स्टार्टअप र नयाँ परियोजनासँग सहकार्य गरी नवप्रवर्तनलाई बजारसम्म लैजान सघाउनु पर्छ।

खाद्य प्रविधिमा आजको लगानी र युवापुस्ताको आकर्षणले भोलिको स्वस्थ, समृद्ध र दिगो नेपाल निर्माणमा अभूतपूर्व योगदान दिने छ। सरल शब्दमा, खाद्य प्रविधिमा निपुण युवा भनेका राष्ट्रिय सम्पदा हुन्, जसले नेपाललाई भोकमुक्त, स्वस्थ र समृद्ध बनाउने मूलधारको यात्रामा अगुवा भूमिका निर्वाह गर्न सक्छन्।

गोपबाट

# मोटो गर्दनले गर्न सक्छ यी रोगको संकेत

सामान्यतया मानिसहरू मोटोपनलाई पेट वरिपरि जम्मा भएको बोसो वा तौल बढ्नुका आधारमा मात्र बुझ्ने गर्छन् । तर, शरीरको एउटा यस्तो भाग छ जसले हाम्रो स्वास्थ्यका बारेमा धेरै कुरा संकेत गर्छ, गर्दन। प्रायः मानिसहरूको ध्यान यो भागतर्फ जाँदैन।

यदि गर्दनमा दाग देखियो वा छालाको रङ परिवर्तन भयो भने मानिस तुरुन्तै सौन्दर्य उपचार खोज्छन् । तर, गर्दनको असामान्य मोटाइ वा पातलोपन केवल बाह्य देखावटको कुरा मात्र होइन, गम्भीर स्वास्थ्य समस्याको संकेत पनि हुन सक्छ।

**मोटो गर्दन र स्वास्थ्य जोखिम**

महिलामा सामान्य परिधि : ३३-३५ से.मी.

पुरुषमा सामान्य परिधि : ३७-४० से.मी.

यसभन्दा बढी मोटाइ हुनु मेटाबोलिक सिन्ड्रोम, फ्याटी लिभर, मधुमेह, उच्च रक्तचाप वा हाई कोलेस्ट्रोल जस्ता अवस्थासँग सम्बन्धित देखिएको छ । विशेषगरी महिलामा मोटो गर्दन पोलिसिस्टिक ओभरी सिन्ड्रोमको संकेत पनि हुन सक्छ, जसले महिनावारी अनियमितता र गर्भधारणसम्बन्धी समस्या निम्त्याउन सक्छ।

कहिलेकाहीँ मोटो गर्दन भएका व्यक्तिको पछाडि छाला कालो देखिन सक्छ, जुन केवल छालासम्बन्धी समस्या नभई भित्री रोगको चेतावनी हुन सक्छ।

**पातलो गर्दन र सम्भावित कारण**

सामान्यभन्दा धेरै पातलो देखिने गर्दन पनि चिन्ताजनक हुन सक्छ । यसले थाइराइडसम्बन्धी रोगको संकेत गर्न सक्छ । कहिलेकाहीँ अतिरिक्त भर्टिब्रा (हड्डी) हुने अवस्था जन्मजात रूपमा देखिन्छ, जसले हात सुन्निने समस्या निम्त्याउन सक्छ । एनीमिया (रगतको कमी) पनि गर्दन पतलो देखिनुको कारण हुन सक्छ। यस्तो अवस्थामा आयरन र अन्य पोषक तत्त्वको आपूर्ति अनिवार्य हुन्छ।

**सावधानी र समाधान**

मोटो गर्दन देखिनेले सबैभन्दा पहिले आफ्नो तौल नियन्त्रण गर्नुपर्छ।

बच्चा जन्मेपछि महिलामा मोटोपनको जोखिम बढ्ने भएकाले खानपानमा विशेष ध्यान दिनुपर्छ। पतलो गर्दन भएका व्यक्तिलाई आवश्यक परे फिजियोथेरेपी वा पोषणपूरक उपचार गर्न सकिन्छ । गर्दन केवल सौन्दर्यसँग मात्र होइन, स्वास्थ्यसँग पनि प्रत्यक्ष रूपमा जोडिएको अंग हो । त्यसैले जब तपाईं ऐनामा आफ्नो अनुहार हेर्नुहुन्छ, एकपटक अनुहारमुनि (गर्दन)मा पनि ध्यान दिनुहोस्। सानोतिनो परिवर्तन पनि तपाईंको शरीर गम्भीर स्वास्थ्य जोखिमतर्फ बढिरहेको संकेत हुन सक्छ।

# देवदह व्यापार संघको अध्यक्षमा ढकाल




देवदह । नयाँ नेतृत्व चयन गर्दै देवदह व्यापार संघको ११औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले माधव ढकालको अध्यक्षतामा २३ सदस्यीय कार्यसमिति चयन गरेको छ।

जसको वरिष्ठ उपाध्यक्षमा पिताम्बर खरेल, उपाध्यक्षमा हरिलाल भण्डारी, महासचिवमा विष्णुप्रसाद अर्याल, सचिवमा रामबहादुर गुरुङ्ग, कोषाध्यक्षमा रमेश खरेल, सहकोषाध्यक्षमा गीता घिमिरे चयन भएका छन् । समितिको अन्य सदस्यहरुमा सविता भण्डारी, बोधराज गौडेल, विशाल भट्टराई, मित्रबहादुर थापा, पवनकुमार बानिया, वीरबहादुर राना, राधा चापागाईं, खेमराज सुवेदी, दिलकुमारी रेग्मी, अर्जुनकुमार रेग्मी, विष्णुप्रसाद पाण्डे, केशवराज पौडेल, भिमलाल काफ्ले, बेदप्रसाद न्यौपाने, पुनाराम तिवारी, अजयकुमार गुप्ता रहेका छन् ।

यसैगरी अधिवेशनले लिलावल्लभ भट्टराई संयोजक रहेको लेखा समिति गठन गरेको छ । जसको सदस्यहरुमा टिकाराम चापागाईं, पूर्णप्रसाद पौडेल रहेका छन् । कार्यक्रमको उद्घाटन गर्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले व्यवसायीहरुको सहयोग विना कालोबजारी रोक्न नसकिनेमा जोड दिए।

उनले राजश्व छलेर ल्याएको सामग्री व्यवसायीले खरीद गर्न नहुने बताउँदै त्यसो गरेको पाएमा कार्बाही गरिने बताए। उनले हरेक नागरिक राज्यप्रति उत्तरदायी हुनु पर्ने बताउँदै राज्यलाई बलियो बनाउने दायित्व नागरिकको रहेको बताए । नगरप्रमुख खरेलले व्यापार व्यवसाय प्रवर्धनको लागि नगरपालिकाले हरेक वर्ष बजेट विनियोजन गरेको बताउँदै देवदहलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गर्नको लागि नगरपालिका लागिरहेको जनाए । उनले पर्यटन कृषिको माध्यमबाट देवदहको विकास गर्न सकिने बताउँदै त्यसको लागि व्यवसायीहरुले पनि सहयोग गर्न आग्रह गरे। उनले कृषि र उद्यमलाई व्यवसायीसँग जोड्न सके आर्थिक रुपमा समेत अगाडि बढ्न सकिनेमा जोड दिए।

सोही अवसरमा व्यवसायिक प्रशिक्षण दिँदै व्यापार संघ लुम्बिनी प्रदेशका कार्यालय प्रमुख अनन्त शिलवालले सम्भावनाको खोजी गर्न आवश्यक रहेको बताउँदै देवदहलाई कृषि ग्रामको रुपमा विकास गर्न व्यवसायीहरु लाग्नुपर्नेमा जोड दिए।

उनले अनुदानमुखीभन्दा उत्पादनमुखी व्यवसायलाई बढि जोड दिनु पर्ने बताए । देवदह व्यापार संघका अध्यक्ष कोषबहादुर गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा व्यापार संघ लुम्बिनी प्रदेशका महासचिव शिवप्रसाद ज्ञवालीलगायतले आ-आफ्ना भनाइ राखेका थिए । सोही अवसरमा सदस्य होमप्रसाद बुढा, विशाल भट्टराईलाई सम्मान गरिएको थियो ।

सोही अवसरमा देवदह व्यापार संघले आयोजना गरेको ९औं महोत्सवबाट भएको आम्दानीबाट देवदह मण्डप निर्माणको लागि देवदह नगरपालिकालाई एक लाखको चेक हस्तान्तरण गरिएको संघले जनाएको छ। कार्यक्रममा अध्यक्ष गुरुङ्गले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै व्यवसायीहरुको आम समस्याहरुको बारेमा प्रकाश पारेका थिए।

संघका वरिष्ठ उपाध्यक्ष माधव ढकालको स्वागत, उपाध्यक्ष पिताम्बर खरेलको स्वागत र महासचिव हरिलाल भण्डारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# झोलुङ्गे पुल अवलोकन गर्ने विदेशीको सख्ंयामा वृद्धि

स्याङ्जा । स्याङ्जा जिल्लाकै अग्लो र लामो झोलुङ्गे पुल अवलोकनमा पुग्ने विदेशी पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ। गल्याङ नगरपालिका-८ र ७ जोड्ने चिउरीस्थित आँधीखोला माथिको तीन सय ६८ मिटर लामो र १९० मिटर अग्लो झोलुङ्गे पुल अवलोकन गर्न आउने पर्यटकको संख्या दिनानुदिन वृद्धि हुँदै गएको हो।

अघिल्ला वर्षहरुमा गर्मीयाममा पुग्ने पर्यटक चालु वर्षमा निरन्तर अवलोकनका लागि आउने गरेका हुन् । पोखरा घुम्न, मुक्तिनाथ हुँदै पशुपतिनाथको दर्शनका लागि आउने भारतीय पर्यटकहरु भैरहवा हुँदै पोखरा जाने क्रममा सिद्धार्थ राजमार्गसँगै जोडिएको झोलुङ्गे पुल अवलोकन गर्ने गरेका छन् ।

भारतीय पर्यटकका लागि पोखरा र मुक्तिनाथ पुग्न सिद्धार्थ राजमार्ग सबैभन्दा सजिलो र छोटो पहाडी राजमार्ग हो। राजमार्गको छेवैमा भएकाले पनि घुम्न र दर्शन गर्न हिँडेका भारतीय पर्यटक चिउरीको झोलुङ्गे पुलको अवलोकन गर्ने गरेको स्थानीय बुद्धिसागर भण्डारीले बताए । दैनिक रुपमा भारतीय नं.का ४०/४५ वटा सवारीका पर्यटकले पुल अवलोकन गर्दै आएको भण्डारीले जनाए।

थाईल्याण्ड, चीन, जापान, कोरिया, भियतनाम, अमेरिका र जर्मनीलगायतका मुलुकबाट लुम्बिनी जाने पर्यटकले समेत झोलुङ्गे पुल अवलोकन गर्दै आएका छन्। काठमाडौं हुँदै पोखरा घुम्न आएका विदेशी पर्यटकहरु गौतमबुद्ध जन्मस्थल लुम्बिनी पुग्न सिद्धार्थ राजमार्ग नै प्रयोग गर्छन्। अघिल्ला वर्षको तुलनामा यो वर्ष विदेशी र धेरै भारतीय पर्यटकले झोलुङ्गे पुल अवलोकन गरेका छन्।

नेपाल-भारत सिमाना सुनौलीबाट बुटवल, पाल्पा हुँदै पोखरा घुम्न र मुक्तिनाथ दर्शन गर्न जाने अधिकांश भारतीय पर्यटकका सवारी अग्लो र लामो झोलुङ्गे पुल हेर्न चिउरीमा रोकिने गरेको गल्याङ्-८ का पूर्व वडाध्यक्ष भेकबहादुर श्रेष्ठले बताए । 'तीन वर्षअघि बनेको पुलमा फोटो खिच्ने र टिकटक बनाउने आन्तरिक पर्यटकको अत्यधिक चाप थियो।'

श्रेष्ठले भने-'पछिल्लो सयम पुल हेर्न आउने आन्तरिक पर्यटक घटेपनि विदेशी पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ।'

गल्याङ नगरपालिका-७ पेलाकोटस्थित केदारनाथ मन्दिरमा पूजाआजा र दर्शनका लागि जाने तीर्थयात्रीलाई पुलले सहज बनाएको भण्डारीले बताए । चिउरीबाट पुल पारिपट्टीको केदारनाथ मन्दिर पुग्न धार्मिक पर्यटनलाई पुल सजिलो माध्यम बनेको छ। पुल नबन्दै मन्दिर पुग्नै दुई घण्टा लाग्ने बाटो आधा घण्टामा छोट्टिएसँगै मन्दिर दर्शनार्थीको संख्यामा वृद्धि भएको भण्डारीले सुनाए।

पर्यटकका लागि मनोरञ्जनको माध्यम मात्र नभएर झोलुङ्गे पुल स्थानीयस्तरमा उत्पादित वस्तुको बजारीकरणका लागि सहज भएको स्थानीयले बताए । पेलाकोट क्षेत्रमा उत्पादित कृषिजन्य वस्तु चिउरीबाट नजिकैको वालिङ बजारमा निर्यात गर्न सहज बनेको छ।

झोलुङ्गे पुल अवलोकन गर्ने पर्यटकको संख्या बढेपछि चिउरीमा पार्किङ र पुलसम्मको बाटोमा आउजाउ गर्न सुरक्षित बनाउन रेलिङसहितको पदमार्ग निर्माण गरिएको गल्याङ नगरपालिकाका नगरप्रमुख गुरुप्रसाद भट्टराईले जानकारी दिए। पुल बनेपछि पर्यटकको संख्यामा वृद्धि भएसँगै स्थानीयलाई खाद्यान्न ढुवानीमा सहज बनेको नगरप्रमुख भट्टराईले बताए । उक्त झोलुङ्गे पुल गण्डकी प्रदेश सरकारको एक करोड ८३ लाखमा निर्माण भएको हो।

सिद्धार्थ राजमार्ग भएर हिड्ने भारतीय र अन्य देशका पर्यटकहरुले राजमार्ग छेउका पर्यटकीय स्थलहरुको अवलोकन गर्दै यात्रा गर्ने गरेका छन्।

राजमार्ग भएर हिड्ने अधिकांश पर्यटकहरु खासगरी कुभिण्डेबाट हिमाल दृश्यावलोकन, भालु पहाडको मनोरम स्थल, गुढीखोलामा चम्पादेबी आश्रम, छाङ्छाङ्दीको छायाँक्षेत्र शिव मन्दिर र राम्दीको आश्रममा दर्शन र अवलोकन गर्दै आएको मन्दिर व्यवस्थापन समितिका पदाधिकारीले जनाएका छन्।

पछिल्ला दिनहरुमा सिद्धार्थ राजमार्ग भएर गुड्ने भारतीय नं. प्लेटका मोटरसाइकल, कार, भ्यान र बस समेतका साधनको चाप बढ्दै गएको जिल्लास्थित ट्राफिक प्रहरीले जनाएको छ। बुटवलबाट पाल्पा-स्याङ्जा हुँदै पोखरातर्फ र पोखराबाट स्याङ्जा-पाल्पा हुँदै बुटवलतर्फ आउजाउ गर्ने भारतीय नं. प्लेटका झण्डै ३ सय सवारी साधनहरु दैनिक रुपमा राजमार्गमा गुड्ने गरेको तथ्याङ्क प्रहरीसँग छ।

# कुटुम्ब सहकारीको चौथो साधारणसभा




कार्तिक । कुटुम्ब बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तानसेन पाल्पाको चौथो साधारणसभा तथा प्रथम अधिवेशन सम्पन्न भएको छ। सहकारीका शेयर सदस्य एवं माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले छोटो समयमा सहकारीले उत्कृष्ट कार्य गरी शेयरधनीको हितमा काम गरेको बताए । सहकारीको मूल्य, मान्यता र सिद्धान्तमा आधारित भएर सहकारीले काम गर्दै आएको बताउँदै शेयर सदस्य चिदीले जोखिमपूर्ण कर्जा शून्य बनाउन सफल भएकोमा बधाई दिए । सहकारी भन्नु नै एकआपसमा सहकार्य भएकोले राज्यको ३ खम्बे अर्थ नीतिमा आधारित काम गर्ने वातावरण भएमा देशमा स्वरोजगार, आयआर्जनमा वृद्धि तथा देशको आर्थिक पाटो बलियो भएर जानेमा शेयर सदस्य चिदीले जोड दिए। साधारणसभामा अर्का शेयर सदस्य तानसेन नगरपालिका वडा नं. १० का वडा अध्यक्ष हिमलाल पंगेनीले तानसेनका अन्य सहकारीको तुलनामा कुटम्ब कान्छो सहकारी भए पनि कारोबारका दृष्टिले उत्कृष्ट कारोबार गर्दै आएको बताए।

साधारणसभामा सहकारीका अध्यक्ष थानेश्वर गैरेले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै २०७८ साल माघ ३ गतेबाट कारोबार सुरु गरी हालसम्म ५ सय ७९ जना शेयर सदस्यले कारोबार गर्दै आएको बताए। सहकारीको शेयर पुँजी २ करोड ७४ लाख ८० हजार, कुल कारोबार १२ करोड ३ लाख २८ हजार, जगेडा कोषमा १६ लाख १२ हजार, अन्य कोषमा २४ लाख, संस्थाको कुल सम्पत्ती ५ करोड ७५ लाख रुपैयाँ पुगेको सहकारी अध्यक्ष गैरेले साधारणसभामा जानकारी दिए।

संस्थाले शेयर सदस्यहरुको लागि ७ प्रतिशत व्याज दरमा ५० लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराउने नीति पारीत गरेको छ। शेयर सदस्यको मृत्यु भएमा १५ हजार रुपैयाँ किरिया खर्च दिने, ५ लाख रुपैयाँको दुर्घटना बिमा गरेको छ । यसैगरी संस्थाका कोषाध्यक्ष विष्णुप्रसाद खनालले गत वर्ष र चालु आर्थिक वर्षको आम्दानी खर्चको विवरण जानकारी दिए । कोषाध्यक्ष खनालले आर्थिक वर्ष ८१/८२ को आम्दानी ५८ लाख ५३ हजार र खर्च २७ लाख ४६ हजार, र चालु आर्थिक वर्षको अनुमानित आम्दानी ६७ लाख र खर्च ३४ लाख ९८ हजार रुपैयाँ बराबरको विवरण जानकारी दिए।

साधारणसभामा उत्कृष्ट कारोबारीतर्फ बाबुराम खरेल र किसन सिंह राना, यातायात व्यवसायी ऋषिराम खनाल, कर्मचारीतर्फ व्यवस्थापक तुल्सा थापा सारु, अनिता सोमै, प्रिती थापा र सपना जि.सी. सम्मानित भएका छन्। साधारणसभामा स्थापनाकालदेखि हालसम्म कार्यसमिति लेखा सुपरिवेक्षणमा बसी काम गरेका व्यक्तिहरुलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष थानेश्वर न्यौपानेको अध्यक्षता, उपाध्यक्ष महेश शर्मा आचार्यको स्वागत र सचिव नारायण न्यौपानेको संचालनमा चौथो साधारणसभा तथा प्रथम अधिवेशन चलेको थियो।

कुटुम्ब बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तानसेन पाल्पाको प्रथम अधिवेशनबाट नारायण गैरेको अध्यक्षतामा चार वर्षको लागि नयाँ कार्य समिति निर्वाचित भएको छ।

कार्यसमितिको उपाध्यक्षमा महेश आचार्य, सचिव सिन्धु पौडेल, कोषाध्यक्ष विष्णु खनाल, सह सचिवमा शितम भण्डारी, सदस्यहरुमा गोविन्द सिंह कार्की, धनबहादुर ठडराई, प्रभा कार्की, यमप्रसाद पाण्डे, शोभाखर पोखरेल र बिक्रम अधिकारी रहेका लेखा सुपरिवेक्षण समितिको संयोजकमा रामचन्द्र आचार्य, सदस्यमा सन्देश गैरे र फुल्केन नायक निर्वाचित भएका छन् । निर्वाचन मण्डलका संयोजक नारायण ज्ञवालीले न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको घोषणा गरे । संस्थाको संस्थापक अध्यक्षको रुपमा थानेश्वर गैरे रहेका छन्।

नव निर्वाचित अध्यक्ष न्यौपानेले संस्थालाई अझै बलियो, शेयर सदस्यहरुको हितमा काम गर्न संस्थापक अध्यक्ष सहित सबैको सहमती र सहकार्यबाट काम गर्ने प्रतिबद्धता जनाए।

# स्कलर्सले मनायो क्रिएटिभ फ्राइडे



बुटवल । प्रत्येक शुक्रबारलाई विशेष बनाउँदै आएको स्कलर्स होमले प्ले ग्रुपदेखि अपर केजीसम्म स-साना बालबालिकालाई लक्षित गरी हस्तकलाका गतिविधिहरू सञ्चालन गरिएको थियो । त्यस्तै कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई लेखनशैलीको विकास गराउने उद्देश्यले निबन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको थियो ।

ब्लक सीमा सञ्चालन गरिएको उक्त कार्यक्रममा ब्लक संयोजक कमला पाण्डे, गीतु नेपाल, संगिता पन्डित, विष्णु रानालगायतले सहजीकरण गरेका थिए । त्यस्तै कक्षा ४ देखि ९ सम्मलाई लक्षित गरी एकल गायन प्रतियोगिताको आयोजना गरिएको थियो । जसमा नेत्रबहादुर नेपाली र सुशान्त आचार्यले निर्णायकको भूमिका खेलेको उक्त कार्यक्रममा झण्डै ७० जनाभन्दा बढी विद्यार्थी सहभागी थिए ।

विद्यालयका प्राचार्य बाबुराम बञ्जाडेको प्रमुख आतिथ्यता, सह-प्राचार्य टीकाराम गौतमको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कक्षा ७ लाई भने पाठ्यक्रमको सिकाइ अभ्यास कार्यक्रमअन्तर्गत लुम्बिनी लगेर विविध विषयमा जानकारी गराइएको कुरा निमावि संयोजक दिलकुमारी उपाध्यायले जानकारी गराइन् । त्यस्तै कक्षा १० लाई पनि डिजिटल सिकाइ प्रविधिको विकासमा अगाडि बढाउनको लागि अभ्यास गराइएको थियो ।

जसमा अतिरिक्त क्रियाकलाप प्रमुख मनुकान्त क्षेत्रीले सहजीकरण गरेको समग्र विषयको जानकारी सूचना विभाग प्रमुख नेत्रप्रसाद भट्टराईले दिएका थिए । कार्यक्रममा विद्यालय संयोजक शोभारानी प्रधान, सावित्रा पन्थी, सुरेन्द्र थापा, सिर्जना गौतमलगायतका शिक्षक शिक्षिकाले सहजीकरण गरेका थिए ।

**नाफा....**

ढकालले जेनजी आन्दोलनका बेला आगजनी, तोडफोड र लुटपाटमा संलग्नमाथि कडाभन्दा कडा कारबाही गर्न माग गरे।

'यदि यस्ता कार्यमा संलग्नमाथि कानुनी कारबाही भएन भने दण्डहीनता मौलाउनेछ । कुनै पनि नाममा यसलाई प्रशय दिनु हुँदैन।'-उनले भने।

उनले थपे-'लुटपाट, आगजनीमा संलग्नलाई कारबाही गरी यस्ता घटना दोहोरिन नदिन सुरक्षा संयन्त्रको मनोबल बढाएर काम गर्नु आवश्यक छ।

यसमा सरकारले कुनै पनि कसर बाँकी राख्नु हुँदैन।'

ढकालले करिब ७ वर्षदेखि विवादित रहेको डेडिकेटेड र ट्रंक लाइनसम्बन्धी समस्या समाधानमा प्रधानमन्त्रीको पहलको प्रशंसा गर्दै भने-'करिब सात वर्षदेखिको विवाद समाधानका लागि प्रधानमन्त्रीले गरेको प्रयास प्रशंसनीय छ।'


## नाम परिवर्तन सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२३

साविकको सेवा मल्टिस्पेसियालिटी हेल्थ केयर एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.को मिति २०८२/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि. (Sewa Family Health Care Center Pvt.Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि.**
देवचुली-१५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)



## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको हिमालयन लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को बिमालेख यही मिति २०८२।०६।१९ गते सरावलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** नरेन्द्र कुमार चौधरी
**ठेगाना :** सरावल-१, नवलपरासी
**बिमालेख नं. :** GL 10710000336
**सम्पर्क :** ९८६७४८८४०२


## Madane Rural Municipality
### Office of the Rural Municipal Executive
Purkotdaha, Gulmi

## Invitation for Electronic Bids

1st Date of Publication: 9th November 2025 (23th Kartik, 2082)

Madane Rural Municipality, Purkotdaha, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Name and identification of contracts are mentioned below and the details are in the bidding document.

| S.No | Contract ID. | Description of Work | Estimated Amount (With VAT, PS and contingencies) in NPR | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GULW-NCB-08-2082/83 | Myalpokhari Panchamipokhari Aglung Road | 9245353.43 | 3000 | 220000 | 9th December 2025 12:00 Noon | 9th December 2025 13:00 hrs. |
| 2 | OMDRM-GULW-NCB-09-2082/83 | Thaadhunga Dada Bash Dada Sadak Upgrading | 2500517.93 | 3000 | 60000 | 9th December 2025 12:00 Noon | 9th December 2025 13:00 hrs. |
| 3 | OMDRM-GULW-SQ-04-2082/83 | Mulpani Khola Sebuldata Patapata Ninyukharka Sinchai Aayeojan | 1999129.29 | 1000 | 50000 | 24th November 2025 12:00 Noon | 24th November 2025 13:00 hrs |

| Bank Name | Name of Office | Deposit Account Name and No | |
|---|---|---|---|
| Agriculture Development Bank | Madane Rural Municipality Purkotdaha, Gulmi | Madane Rural Municipality Ga 1.1 Internal Revenue 0425401499748114 (rajaswo khata) | Madane Ga.Pa.Ga.3.1 Local Level Dep 0425401499748041 (Dharauti Khata) |

1. Bid Validity Period shall be 90 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for NCB.
2. Bid Validity Period shall be 45 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for SQ.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. For other information, refer to bid document or contact 9857049049, 9857067675.

Chief Administrative Officer


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# उद्योग संघको कार्यसमितिको पदस्थापन



बुटवल । रुपन्देही उद्योग संघको ४७औं साधारणसभा तथा २४औं अधिवेशन सम्पन्न भएको छ । शनिबार सम्पन्न साधारणसभाको अवसरमा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले उद्योग व्यवसायको प्रवर्धन र विकासका लागि उप-महानगरपालिका सदैव उद्योगीहरुको साथमा रहेको बताए । उनले सरकार, राजनीतिक नेतृत्व र निजी क्षेत्र सँगसँगै अगाडि बढ्न सके मात्र मुलुक समृद्ध बन्ने जनाए ।

मोतीपुर औद्योगिक क्षेत्र समयमा नबनेका कारण यो क्षेत्रका उद्योगीहरुले झेल्नुपरेका समस्या निरन्तर रहेको बताउँदै उनले अब छिटो समाधानका लागि दबाब दिनुपर्ने जनाए । कार्यक्रममा नेपाल उद्योग परिसंघका केन्द्रीय अध्यक्ष विरेन्द्र पाण्डेले उद्योग व्यवसायको विकासका लागि सरकारको नीति स्पष्ट हुनुपर्ने बताए । उनले सबैतिरबाट संकटमा परेका उद्योगीलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्ने उल्लेख गरे ।

नेपाल उद्योग परिसंघका लुम्बिनी प्रदेश अध्यक्ष एजाज आलमले उद्योग व्यवसायको विकास बिना मुलुक समृद्ध बन्न नसक्ने उल्लेख गर्दै सरकारी तहबाट भने उद्योग व्यवसाय मैत्री वातावरण बन्न नसकेको गुनासो गरे । आलमले मुलुकमा सुस्त बन्दै गएको आर्थिक गतिविधि र जेनजीहरुको आन्दोलनका कारण बन्द हुने अवस्थामा पुगेका उद्योग व्यवसाय डेडिकेटेड तथा ट्रंक लाइनको बक्यौता विवादका कारण झनै प्रभावित बनेको बताए । सरकारले रुपन्देहीका उद्योगी व्यवसायीले माग र प्रयोग नै नगरेको डेडिकेटेड तथा ट्रंक लाइनको बक्यौता नबुझाएको भन्दै विद्युत् लाइन काटिदिएर उद्योगी व्यवसायीमाथि प्रतिशोध साँध्ने काम गरेको उनले बताए ।

कार्यक्रममा बोल्ने अन्य वक्ताहरुले सरकारले उद्योग व्यवसाय मैत्री वातावरण निर्माण गर्न नसक्दा सञ्चालनमा रहेका उद्योग बन्द हुने र नयाँ उद्योग स्थापना हुन नसक्ने अवस्था श्रृजना भएको जनाए । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका लुम्बिनी प्रदेशका अध्यक्ष टंक पोखरेल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, रुपन्देही व्यापार संघका अध्यक्ष दिपक अधिकारी, पश्चिम नेपाल बस व्यवसायी प्रालीका अध्यक्ष दधिराम खरेललगायतले आ-आफ्ना भनाइ राखेका थिए । संघका अध्यक्ष दिलीप सापकोटाको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष कृष्ण पराजुलीको स्वागत, महासचिव हिरामणी भट्टराईको सञ्चालन तथा प्रथम उपाध्यक्ष जीवकान्त काफ्लेको धन्यवादमा कार्यक्रम सम्पन्न भएको थियो । साधारणसभाको बन्द सत्रले महासचिव हिरामणि भट्टराईले संस्थाको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष युवराज आचार्यले आर्थिक प्रतिवेदन पास गरेको थियो ।

संघको २४औं अधिवेशनबाट अध्यक्षमा कृष्णप्रसाद पराजुलीसहित सबै पदका उम्मेदवार निर्विरोध निर्वाचित भएका थिए । रुपन्देहीका १ हजार ६९ उद्योगी आबद्ध रहेको संघको शनिबार २४औं अधिवेशनबाट अध्यक्षसहित सबै पदमा निर्विरोध चयन भएको निर्वाचन समितिका प्रमुख रामप्रसाद आचार्यले जानकारी दिए ।

बिहीबार भएको मनोनयनमा अधिकांश पदमा एकल उम्मेदवारी परेपछि शुक्रबार नै निर्विरोध निर्वाचित भएका थिए । दोहोरो उम्मेदवारी परेका केही पदमा शुक्रबार उम्मेदवारी फिर्ता लिने समयअगावै उम्मेदवारले दाबी फिर्ता लिएपछि निर्विरोध घोषणा गरिएको हो ।

संघको वरिष्ठ उपाध्यक्षमा जीवकान्त काफ्ले, प्रथम उपाध्यक्षमा हरिबहादुर खत्री, द्वितीय उपाध्यक्षमा युवराज आचार्य, महासचिवमा सुमन बस्याल, कोषाध्यक्षमा विशाल बेलवासे, सचिवमा अशोक कुँवर र सह-कोषाध्यक्षमा राजु घिमिरे निर्वाचित भएका छन् । पदाधिकारीको सचिव (महिला) पद भने खाली छ । सो पदमा शारदा रेग्मी (भट्टराई)को उम्मेदवारी परे पनि उनले शुक्रबार उम्मेदवारी फिर्ता लिएपछि पद नै खाली भएको हो ।

त्यस्तै सदस्यमा आजीवनतर्फ इञ्जिनियर किरण खरेल, एसोसिएटतर्फ अखिलेश गुप्ता कसौधन, संस्थागतमा तेजप्रसाद पराजुली निर्वाचित भएका छन् ।

खुला सदस्य ६ जनामा रमेशप्रसाद आचार्य, लालप्रसाद बस्याल, काशीनाथ खनाल, मेघबहादुर घिमिरे, अनिशकुमार कसौधन र थानेश्वर पाण्डे निर्वाचित भएका छन् । त्यस्तै दुई महिला सदस्य पदमा पार्वती गिरी र दिलु शाही, सदस्य (बुटवल औद्योगिक क्षेत्र) मा प्रज्ज्वल थान्जु, बुटवल उप-महानगरपालिकातर्फ दुई जनामा नारायणप्रसाद खनाल र डिल्लीनारायण पाण्डे, सदस्य (तिलोत्तमा र ओमसतिया) तर्फ दुई जनामा घनश्याम पौडेल शर्मा र शतिश सापकोटा, सदस्य (देवदह नगरपालिका, रोहिणी गाउँपालिका)मा चक्रपाणी तिवारी, सदस्य (सैनामैना नगरपालिका, कञ्चन र गैडहवा गाउँपालिका)तर्फ कृष्णप्रसाद पोखरेल, सदस्य (शुद्धोधन र सियारी गाउँपालिका) बाट टंकनारायण आचार्य निर्वाचित भएका छन् ।

सिद्धार्थनगर नगरपालिका र मायादेवी गाउँपालिकाबाट एक जना, लुम्बिनी साँस्कृतिक नगरपालिका, कोटहीमाइ, समरीमाइ र मर्चवारी गाउँपालिकाबाट एक जना निर्वाचित हुने भए पनि कसैको उम्मेदवारी नपरेकाले ती पद खाली रहेको निर्वाचन समितिले जनाएको छ ।

३३ सदस्यीय कार्यसमिति रहने संघमा ३१ जना अधिवेशनबाट निर्वाचित हुने र दुई जना अध्यक्षले मनोनीत गर्ने प्रावधान छ । खाली रहेका पदहरूमा समितिको पहिलो बैठकबाट मनोनीत गर्ने तयारी भएको छ । नवनिर्वाचित समितिको शनिबार नै पदस्थापन भएको छ ।

# परमानन्द सहकारीको साधारणसभा




बुटवल । श्री परमानन्द बचत तथा ऋण सहकारी संस्थाको साधारणसभा सम्पन्न भएको छ । संस्थाको शनिबार १३औँ वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

संस्थाका अध्यक्ष दुर्गाप्रसाद खरेलको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष खरेलले अध्यक्षताको प्रतिवेदन प्रस्तुत गर्दै हालसम्म भएका प्रगती आगामी योजनाका विषयमा जानकारी गराए । उनले हल्लाको पछाडि नदौडिन आग्रह गर्दै अन्यत्र देखिएको समस्याबाट शिक्षा लिएर समाधानको बाटोमा लाग्नु नै अबको आवश्यकता भएको औँल्याए ।

तिलोत्तमा ५ का अध्यक्ष रमेश डुम्रेले सहकारी स्थापना को उद्देश्य स्मरण गर्दै हालसम्म आइपुग्दा वित्तीयतासँग मात्र जोडिएको प्रती चिन्ता व्यक्त गरे ।

अध्यक्ष डुम्रेले उत्पादन,पारस्परिक सम्बन्धसँग सहकारीलाई जोड्न नसकेसम्म सहकारीको उद्देश्य पूरा हुन नसक्ने जिकिर गरे । सहकारीलाई चलाउन जान्ने हो भने राज्य आर्थिकरुपमा माथि उठ्न सक्नेप्रती सचेत गराउँदै सहकारीमार्फत् साना-साना औद्योगिकीकरणमा लगानी बढाउन सके विदेश जाने बाध्यता हट्ने अध्यक्ष डुम्रेको धारणा रहेको छ ।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले सहकारीमा सदस्यहरुको चासो घट्नुको कारण सहीरुपमा कार्यसम्पादन नहुनु प्रमुख कारण भएको उल्लेख गरे । उनले कार्यसम्पादनमा चनाखो हुनसके सहकारीभित्र समस्या नदेखिने भन्दै नियत र आफूले लिएको नेतृत्वमा उत्तिकै सजग हुनुपर्नेमा जोड दिए । खरेलले परिवार सुधार गर्न थोपा थोपा जम्मा गरेको बचत खाएर भाग्ने छुट कसैलाई नभएको बताए ।

संस्थाका कोषाध्यक्ष पार्वती भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा लेखा संयोजक टोपलाल पाण्डेले लेखा, कोषाध्यक्ष र बजेट प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा शितरा सहकारीका मातृकाप्रसादज्ञवाली, परमान्द बचत तथा ऋण सहकारी संस्थाका सल्लाहकार राजकुमार पाण्डेलगायतले सहकारीमा तरलता थुप्रिएको र लागानीको वातावरण नबनेको भन्दै यसको सहजीकरणमा राज्य र स्वयम् सहकारीहरुको सामन्जस्यता आवश्यक रहेको बताएका थिए ।

कार्यक्रमका अवसरमा एसएलसी (प्लस टु) मा उत्कृष्ट अंक ल्याउने ३ जना साथै संस्थापक व्यवस्थापक चिरञ्जिबी बस्याल र निवर्तमान कार्यालय सहयोगीलाई सम्मान गरिएको छ ।

# विद्यालयलाई स्मार्ट बोर्ड हस्तान्तरण




**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले विद्यालयहरुलाई स्मार्ट बोर्ड वितरण गरेको छ । नगरपालिकाले शिक्षण सिकाइमा आधुनिकि प्रविधिको प्रयोग बढाउन विद्यालयहरुलाई स्मार्ट बोर्ड गरेको हो । । नगरपालिकामा आयोजित एक कार्यक्रमकाबिच नगरप्रमुख धनपत यादवले 'इन्टरएक्टिभ टचस्क्रिन स्मार्ट बोर्ड' विद्यालयका प्रधानअध्यापकहरुलाई हस्तान्तरण गरेका हुन् ।

सो क्रममा नगरप्रमुख यादवले नगरपालिकाले शैक्षिक सुधारमा कुनै कसर बाँकी नराखेको बताउँदै विद्यालय तहमा पनि शिक्षकहरुले सोही किसिमको मेहनत गर्नुपर्ने बताए ।

जनप्रतिनिधिको नाताले शैक्षिक सुधारका लागि आफूले अनेकौँ चुनौती खेपेको बताउँदै यादवले शिक्षण सिकाइ सुधार गर्न विद्यालयका प्रधानअध्यापकहरुलाई निर्देशन समेत दिए । प्रविधिको समयमा शिक्षक पनि प्रविधिसँगै अगाडि बढ्नुपर्ने बताउँदै नगरपालिकाले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

मावि तहका विद्यालयहरुलाई ७ लाख ६३ हजारको लागतमा सात वटा स्मार्ट बोर्ड विद्यालयलाई उपलब्ध गराइएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । उक्त स्मार्ट बोर्डबाट लेखेका विषयवस्तु सेभ गर्न मिल्ने, मल्टीमिडिया, विभिन्न एपको प्रयोग गर्न मिल्ने र अन्य विद्यालयसँग समेत कनेक्ट गरेर पठनपाठन गर्न मिल्ने बहुउपयोगी र विभिन्न विशेषतासहितको आधुनिक तवरको छ ।

विद्यार्थीले प्रविधिको भरपुर उपयोग गर्दै विद्यार्थीलाई बुझ्न र शिक्षकलाई पढाउन अत्यन्त सहज हुने नगरपालिकाका प्रशासकीय अधिकृत खेमराज ढकालले जानकारी दिए ।

# सबैको सहकारीको अध्यक्षमा पुनः भुसाल




बुटवल । सबैको बचत तथा ऋण सहकारी संस्था लि.को चौथो साधारणसभाले भरतराज भुसालको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको छ । सहकारीको उपाध्यक्षमा सुकबहादुर नेपाली, सचिव हिमकला ओस्ती र कोषाध्यक्षमा टिकाराम न्यौपाने निर्वाचित भएका छन् ।

यस्तै कार्यसमिति सदस्यहरुमा विष्णुप्रसाद पाण्डेय, भगवती भट्टराई, शारदा खत्री, चन्द्रकुमारी थापा र इश्वरीप्रसाद पाण्डे निर्वाचित भएका छन् ।

यस्तै लेखा समिति संयोजकमा हरिप्रसाद न्यौपाने, सदस्यहरुमा मीरा पाण्डेय र रामप्रसाद खरेल चयन भएका निर्वाचन उपसमिति संयोजक कृष्णप्रसाद नेपालले जानकारी दिए ।

साधारणसभाको उद्घाटन समारोहमा अध्यक्षको प्रतिवेदन पेश गर्दै भरतराज भुसालले ११ वटा सहकारीबिच एकीकरण भएर बनेको सहकारीले शेयर सदस्यहरुसँग निरन्तर संवाद र छलफल गरी उनीहरुको राय सुझावका आधारमा अघि बढ्दा सफलता हासिल गरेको बताए । नियामक निकायको निर्देशनअनुसार काम गरेकाले सबैको सहकारी लुम्बिनी प्रदेशकै उत्कृष्ट सहकारीका रुपमा सरकारबाट पुरस्कृत भएको अध्यक्ष भुसालले बताए । व्यवस्थित सहकारी स्तरीय सेवा नारालाई व्यवहारमा उतारेर संस्था अघि बढेको उनले बताए ।

सहकारीले शेयर सदस्यलाई नियमित बचत गर्न प्रोत्साहन गरेको र कर्जा लगानी संस्थाको नीति र विधिमा रहेर मात्र गर्दा सहकारीमा खराब कर्जा नरहेको अध्यक्ष रहेको बताए । संस्थाले सम्भावित जोखिम बारेमा पूर्वानुमान, तयारी र न्यूनीकरणका बारेमा निरन्तर चिन्तन गरिरहने अध्यक्ष भुसालले बताए ।

कार्यक्रममा सहकारीका सल्लाहकारहरु रामचन्द्र ढकाल, राजेन्द्रप्रसाद सुवेदी, निर्वाचन उप-समिति संयोजक कृष्णप्रसाद नेपाल, अरुणोदय सहकारीका सचिव पिताम्बर अर्याल, डा. मुरारी पराजुलीलगायतले आफ्ना धारणा राखेका थिए ।

साधारणसभामा सचिव देवानन्द पाण्डेले वार्षिक प्रतिवेदन पेश गरेका थिए । सहकारीमा ८ हजार ४४ जना शेयर सदस्य रहेका छन् । सहकारीको शेयर पुँजी १० करोड ४८ लाख ८० हजार रहेको छ ।

# पाल्पाली मल्टिप्रपोज कन्सलटेन्सीले मनायो पहिलो वार्षिकोत्सव

बुटवल । इञ्जिनियरिङ क्षेत्रमा अध्ययन गराउँदै आएको पाल्पाली मल्टिप्रपोज कन्सलटेन्सी एण्ड ट्रेनिङ इन्स्टिच्युड बुटवलले आफ्नो पहिलो वार्षिकोत्सव मनाएको छ । संस्थामा अध्ययन गरेका तथा तालिम पूरा गरेका विद्यार्थीहरुलाई शैक्षिक प्रमाणपत्र वितरण गर्दै वार्षिकोत्सव मनाएको हो । इन्स्टिच्युटले बुटवल ११ कालिकनगर प्रेम पथमा रहेको कार्यालय भवनमा कार्यक्रम सञ्चालन भएको थियो ।

कार्यक्रममा बोल्दै संस्थाका संस्थापक अध्यक्ष ई राजन श्रेष्ठले सिभिल इञ्जिनियरिङ क्षेत्रमा किताबी ज्ञान मात्र नभई प्रयोगात्मक सीप महत्त्वपूर्ण रहेकोले पाल्पाली मल्टिप्रपोज कन्सलटेन्सी एण्ड ट्रेनिङ इन्स्टिच्युड सञ्चालन गरेको बताए । उनले १ वर्षमा २ सय जतिले तालिम लिएको जानकारी गराउँदै ४० भन्दा धेरैले कन्स्ट्रक्सन कम्पनीमा काम गरिरहेको जानकारी गराए ।

संस्थाका पूर्व सरकारी कर्मचारी कृष्णप्रसाद श्रेष्ठले इञ्जिनियरहरु र सबैलाई प्रयोगात्मक सीप महत्त्वपूर्ण हुने बताए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले व्यवहारिक सीप महत्त्वपूर्ण हुने बताउँदै मार्कसिटमा आएको अंकले मात्रै काम गर्न नसकिने भएकोले ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा संस्थामा कार्यरत इञ्जिनियर टीका गाहले इञ्जिनियरिङ फिल्डमा थेउरीसँगै प्राक्टिकल नलेज अत्यन्तै महत्त्वपूर्ण हुने उल्लेख गरे । उनले प्राक्टिकलका लागि कन्स्ट्रक्सनको प्याकेज समेत आउँदै गरेको बताउँदै आर्थिक अवस्था कमजोर भएकोलाई केही राहत हुनेगरी प्याकेज हुने उल्लेख गरे ।

कार्यक्रममा इञ्जिनियर विजय राना, थ्रीडी डिजाइनर इञ्जिनियर अशोककुमार राना, इञ्जिनियर सन्तोष आचार्य, एप्पल इन्स्टिच्युटका इञ्जिनियर अर्जुन क्षेत्रीलगायतले किताबी ज्ञानले मात्रै नहुने बताउँदै पाल्पालीले प्राक्टिकलको लागि निकै महत्त्वपूर्ण कार्य गरेको बताउँदै सबैले मौकाको फाइदा उठाउन आग्रह गरेका थिए ।

कार्यक्रम संयोजक प्रतीक शर्मा, राहुल शर्मालगायत रहेको कार्यक्रम सञ्चालक मनिस खनालले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हार्दिक बधाई तथा शुभकामना
रेसुङ्गा अलौकिक बचत तथा ऋण सहकारी संस्था लि. को ५ औं वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनबाट अध्यक्ष पदमा नेदिराम ज्ञवाली उपाध्याय, उपाध्यक्ष गिता कुमारी भण्डारी खनाल, सचिव खुमराज कंडेल, कोषाध्यक्ष केशव राज पन्थ, सदस्यहरु सारदा अर्जेल, यदुनाथ भण्डारी, बिष्णु प्रसाद खनाल, श्रीराम भण्डारी, सरस्वती तिवारी (पराजुली), लेखा सुपरिवेक्षण समिति संयोजक गोविन्द प्रसाद अर्याल लेखा सुपरिवेक्षण समिति सदस्यहरु सीता अर्याल र बोमलाल भण्डारी निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरुको सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
न्यू सी.टी.पी. प्वाईन्ट परिवार
बुटवल-११, माझगाउँ, रुपन्देही फोन नं: ९८५७०३३१२१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com